# नेपाल सरकार
## गृह मन्त्रालय
## सशस्त्र प्रहरी बल, नेपाल
## नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय,महोत्तरी
## आर्थिक प्रशासन शाखा

**राष्ट्रियस्तरको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना नं. APF/SQ/WORKS/01/076/077**

प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०२।११ गते।

१) आ.ब. २०७६/०७७ मा यस सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीमा हुने निम्न उल्लेखित निर्माण कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट सम्पन्न गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वकको सिलबन्दि दरभाउपत्र आह्वान गरिएको छ।

| क्र.सं. | ठेक्का नम्बर | कामको विवरण/ निर्माणस्थल | स्वीकृत ल.ई. (भ्याट बाहेक) | दरभाउपत्र फाराम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | APF/SQ/WORKS/ 01/076/077 | सिनियर अफिसर ब्यारेक तला थप नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरी बर्दिबास - ४ माईस्थान | १७,६८,१४१।५९ | १,०००/- | ५०,०००/- | |

२) दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिन कार्यालय समय सम्म चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी सशस्त्र प्रहरी बल, नेपाल नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीबाट खरिद गर्न सकिने छ। खरिद भएका दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.२ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीमा दर्ता गराउनु पर्नेछ।

३) यस कार्यालयबाट बिक्रि भएका दरभाउपत्र फाराममा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी पेश गर्नु पर्नेछ। दर्ता भएका दरभाउपत्र फारामहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १४:०० बजे गठित मूल्याङ्कन समिति, सरकारी प्रतिनिधीहरु र दरभाउपत्र दाता वा निजका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयको हाता भित्र खोलिने छ।

४) दरभाउपत्र फाराम बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ।

५) शिलवन्दी दरभाउपत्र फाराम साथ जमानत वापत रकम धरौटी खाता नं. १२७०२०३००००००, यस कार्यालयको कोड नं. ३१४०५१८०१ मा तोकिएको दरभाउपत्र जमानत रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ। (दरभाउपत्र जमानत दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको हुनु पर्नेछ)।

६) दरभाउपत्र दाताले दरभाउपत्र फाराममा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। दरभाउपत्र फाराममा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउंमा दरभाउपत्र दाताको सही छाप भएको हुनु पर्नेछ।

७) म्याद नाघी आएको, रीत नपुगेको र सशर्त पेश भएको दरभाउपत्र फारामहरु मान्य हुने छैन।

८) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ।

९) दरभाउपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन नं. ९८५१२७२०२४ मा सम्पर्क गर्न सकिने छ। साथै यो सुचना सशस्त्र प्रहरी बल, नेपालको website:www.apf.gov.np मा पनि हेर्न सकिने छ।